# ५७ औं कार्यपालिका निर्णयहरु (मिति २०८२।०८।१४)

**प्रस्ताव नं.१ प्रमुख प्रशासकीय अधिकृतज्यूको स्वागत सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं.१ माथी छलफल गर्दा टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सरुवा भई आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री सुमन धितालज्यूलाई नगरवासी तथा टीकापुर नगरपालिका परिवारका तर्फवाट कार्यकालको पुर्ण सफलताको कामना सहित हार्दिक स्वागत गर्ने ।

**प्रस्ताव नं.२ समिक्षा सम्बन्धमा ।**

निर्णय नं.२ २०८२ भदौ २३ र २४ गते देशमा उत्पन्न विषम परिस्थितीले सिर्जना गरेको उक्त घट्ना प्रति दुःख व्यक्त गर्दै भाद्र २४ गते भएको तोडफोडको घट्नाको न्यायीक छानविनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**प्रस्ताव नं.३ विपद जोखिम बीमा तथा राहत वितरण सम्बन्धमा ।**

निर्णय नं.३ प्रस्ताव नं.३ माथी छलफल गर्दा विभिन्न मितिमा विपदले क्षति भएका परिवारलाई टीकापुर नगरपालिकाको विपद जोखिम बीमा तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०८२ को दफा १८बमोजिम ईलाका प्रहरी कार्यालय (२) टीकापुरको स्थलगत सर्जिमिन मुचुल्का तथा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र सहित यस कार्यालयमा राहत प्रयोजनका लागि पेश भएका तपसिलको परिवारलाई प्रकोप तथा विपद व्यवस्थापन कोषबाट निम्नानुसार राहत रकम उपलब्ध गराउने ।

तपसिल

| क्र.सं. | नाम, थर | ठेगाना | क्षतिको किसिम | विपद भएको मिति | विपदको प्रकार | राहत रकम नगद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पवित्रा देवी वि.क. | टी.न.पा.८ | पूर्ण | २०८२।५।२३ | आगलागी | १०,०००।० | |
| २. | विपना थापा | टी.न.पा.३ | पूर्ण | २०८२।५।३१ | अविरल वर्षा | १०,०००।० | |
| ३. | शान्ती देवी परियार | टी.न.पा.१, एकतानगर | आंशिक | २०८२।६।१४ | अविरल वर्षा | ५,०००।० | |
| ४. | मन्धरी दमाई | टी.न.पा.१, एकतानगर | आंशिक | २०८२।६।१४ | अविरल वर्षा | ५,०००।० | |
| जम्मा रु. | | | | | | ३०,०००।० | |

**प्रस्ताव नं.४ स्थानीय जनस्वास्थ्य बोर्ड गठन सम्बन्धमा ।**

निर्णय नं४ ., प्रस्ताव नं४ . माथि छलफल गर्दा, टीकापुर नगरपालिकाको **स्वास्थ्य तथा सरसफाई ऐन, २०७६** को दफा ४५(१) बमोजिम स्थानीय स्तरमा स्वास्थ्य सुरक्षा, प्रवर्धन र सुधार गर्ने, स्वास्थ्य सेवाको समानुपातिक वितरणका लागि प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्ने, राष्ट्रिय स्वास्थ्य योजना तथा नीतिहरूको अनुसरण गर्ने तथा रोगको रोकथाम र प्रवर्धनात्मक कार्यहरू सञ्चालन गर्ने उद्देश्यले तपसिल बमोजिमका पदाधिकारी रहने गरी टीकापुर नगरपालिकाको स्थानीय जनस्वास्थ्य बोर्ड गठन गर्ने निर्णय गरियो।

तपसिल

प्रमुख प्रशासकीय अधिकृत

| क्र. स. | पद | पदाधिकारीको नाम थर | प्रतिनिधित्व गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| क | अध्यक्ष | रामला डगौरा थारु | नगर प्रमुख | |
| ख | सदस्य | | नगर उप-प्रमुख | |
| ग | सदस्य | सुमन घिताल | प्रमुख प्रशासकिय अधिकृत | |
| घ | सदस्य | लालवीर चौधरी | स्थानीय स्वास्थ्यसंग सम्बन्धित समिति प्रमुख | |
| ङ | सदस्य | लवरी चौधरी | स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य | |
| च | सदस्य | केशर वहादुरर थापा | कानून शाखा प्रमुख | |
| छ | सदस्य | | स्थानीय अस्पताल, स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मि मध्येवाट नगर प्रमुखले तोकेको एक जना महिला सहित २ जना | नगर प्रमुखले पछि तोक्ने |
| ज | सदस्य | | समितिले मनोनित गरेका स्वास्थ्य, शिक्षा क्षेत्रका विज्ञ २ जना | समितिले पछि मनोनित गर्ने |
| झ | सदस्य | बल बहादुर रावल | स्थानीय स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव भै काम समेत गर्ने |

७७ औं कार्यपालिका निर्णय मिति २०८२/०८/१४

**प्रस्ताव नं.५ जनस्वास्थ्य अधिकृत र ग्रामिण मलेरिया कार्यकर्ता नियुक्ती सम्बन्धमा ।**

निर्णय नं.५ निर्णय नं. ५ तथा प्रस्ताव नं. ५ माथि छलफल गर्दा टीकापुर नगरपालिका क्षेत्रमा समग्र रूपमा जनस्वास्थ्य प्रणालीको सबलीकरण र सुदृढीकरण गर्न, स्वास्थ्यसम्बन्धी तथ्यमा आधारित योजना तर्जुमा, अभिलेखीकरण तथा कार्यान्वयन, सर्ने–नसर्ने तथा मानसिक रोगहरूको रोगथाम तथा नियन्त्रण, गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्थापनमा पैरवी तथा सहजीकरण लगायतका कार्य साथै *"म स्वस्थ, मेरो समुदाय स्वस्थ: घर–टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम"* लाई प्रभावकारी रूपमा सञ्चालन गर्न जनस्वास्थ्य अधिकृत (हे.ई.) एक जना र ग्रामीण मलेरिया कार्यकर्ता करार सेवामा नियुक्तिका लागि प्रक्रिया अगाडि बढाउने।

तपसिल

| क्र.स. | पद/नाम | तह | समुह | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | सातौं | (हे.ई.) | १ जना | |

प्रमाणित गरिएको
१४/८/२०८२
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ग्रामिण मलेरिया कार्यकर्ता | चौथो | म.ल्या.टे. | १ जना | |

**प्रस्ताव नं.६ शैक्षिक सहयोग अनुदान व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत सम्बन्धमा ।**

निर्णय नं.६ प्रस्ताव नं.६ माथी छलफल गर्दा टीकापुर नगरपालिका क्षेत्रका सरकारी विधालयहरुका लागी शैक्षिक सहयोग अनुदान व्यवस्थापन तथा कार्यान्वयनमा एकरुपता कायम गर्नशैक्षिक सहयोग अनुदान ,समयमै सहयोग उपलब्ध गराउन , व्यवस्थापन तथाकार्यान्वयन कार्यविधि, २०८२ निर्माण गरी कार्यान्वयनमा ल्याउन सामाजिक विकास र विधायन समितिमा छलफलका लागी पठाउने ।

**प्रस्ताव नं.७ भर्तापुर राम प्र.चौधरीका घर नजिक कलभर्ट निर्माणमा नगरसभावाट विनियोजन रु.४,५०,०००।- बाँकी अपुग रकम प्राक्टिकल एक्शनको आर्थिक सहयोगमा निर्माण कार्य अगाडी वढाउन स्वीकृती दिने ।**

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा भर्तापुर राम प्र.चौधरीका घर नजिक कल्भर्ट निर्माणका लागि नगरसभावाट विनियोजन भएको रकम रु.४,५०,०००।- ले उक्त कल्भर्ट निर्माण सम्पन्न हुन नसक्ने भएकले प्राविधिक लागत अनुमान अनुसारको अपुग रकम प्राक्टिकल एक्शन, नेपालगञ्जको आर्थिक सहयोगमा निर्माण कार्य अगाडी वढाउन स्वीकृती दिने ।

**प्रस्ताव नं.८ टीकापुर न.पा.६ मा आयोजना हुने खेलकुद प्रतियोगिताको लागि रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं.८ प्रस्ताव नं८ . माथि छलफल गर्दा, टीकापुर नगरपालिका वडा नंमा निकट भविष्यमा आयोजना हुन लागेको ६ . खेलकुद प्रतियोगिताका लागि नगर सभाबाट विनियोजित रकम **रु. २,७५,०००।–** मात्रले सो प्रतियोगिता सञ्चालन गर्दा रकम अभाव हुने देखिएकोले, मेयरसँग युवा तथा खेलकुद कार्यक्रमअन्तर्गत विनियोजित बजेटबाट थप रु . २,५०,०००।उपलब्ध गराउने –।

**प्रस्ताव नं.९ कार्यालय मर्मत सम्बन्धमा ।**

निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा २०८२।०५।२३ र २४ गते देशमा उत्पन्न बिषम परिस्थीतीका कारण सृजित बिभिन्न आन्दोलनका कार्यक्रमहरुको असर टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा भौतिक संरचनाहरुमा समेत परेको कार्यालयका बिभिन्न भवनहरुका झ्याल, ढोका तथा पार्टिसन वालहरु लायत क्षतिग्रस्त हुन गई सरसामान भण्डारण तथा नियमित सेवाहरुमा कठिनाई उत्पन्न भएको कारणले झ्याल ढोका तथा पार्टिसन वालहरु लगायत अनय मर्मत संभार यथाशिर्घ गर्ने आवश्यक देखिएकोले उक्त कार्यको लागि तयार गरिएको लागत अनुमान प्रतिवेदन बमोजिम कर्मचारीहरुको प्रोत्साहन भत्ता वजेट शिर्षकवाट खर्च गर्ने गरि तपसिल बमोजिम बजेट विनियोजन गरि कार्यान्वयन गर्ने ।

तपसिल:

| क्र.सं. | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजीत बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. १ स्थित टीकापुर नगर कार्यपालिकाको कार्यालय का झ्याल, ढोका तथा पार्टिशन वालहरु लगायत मर्मत संभार कार्य | टीकापुर-१,कैलाली | स्वीकृत लागत अनुमान बमोजिम हुने गरी | |

प्रमाणित गरिएको
२५।८।२०८२
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रस्ताव नं.१० फोहरमैला व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १०** प्रस्ताव नं.१० माथि छलफल गर्दा यस नगरपालिकावाट दैनिक रुपमा उत्पादन हुने फोहरमैलाको दीगो व्यवस्थापनका लागी उपयुक्त (स्थान) क्षेत्र छनौट लगायतको कार्यको सिफारिस गर्न तपसिल बमोजिमका पदाधिकारी तथा कर्मचारी सम्मिलित एक अध्ययन टोली गठन गर्ने ।

१.संयोजक : श्री मोहन वि.क., वडा अध्यक्ष वडा नं.१

२.सदस्य : श्री दिपक चौधरी, वडा अध्यक्ष वडा नं.२

३.सदस्य : श्री वलवीर चौधरी, वडा अध्यक्ष वडा नं.५

४.सदस्य : ई.श्री राजेन्द्र रावल, पुर्वाधार विकास शाखा

५.सदस्य सचिव : श्री निर्मला चौधरी, शाखा प्रमुख, विपद व्यवस्थापन शाखा

**प्रस्ताव नं.११ योजनाको नाम परिमार्जनका लागि संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयलाई सिफारिसे सम्बन्धमा ।(वडा नं.१अन्तर्गत)**

**निर्णय नं.११** प्रस्ताव नं.११ माथि छलफल गर्दा संघिय सहरी विकास तथा भवन निर्माण कार्यालय, धनगढी कैलालीको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं.१ स्थित श्री नमुना विज कृषक सहकारी देखि वनगाँउ जोड्ने सडक कालोपत्रे योजनालाई संशोधन गरी <u>टीकापुर हाईवे रोड देखि खाद्द गोदाम हुदै नमुना विज कृषक सहकारी देखि वनगाँउ जोड्ने सडक कालोपत्रे</u> योजनाको रुपमा योजना संसोधन गरी निर्माण कार्य अगाडी बढाई दिन अनुरोध गर्ने ।

**प्रस्ताव नं.१२ टीकापुर नगरपालिकाको वन ऐन मस्यौदा तयारी कार्यदल सम्बन्धमा ।**

**निर्णय नं.१२** प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस नगरपालिकाको वन वातावरण तथा विपद ,व्यवस्थापन समितिको निर्णयानुसार वन ऐन मस्यौता तयार गर्न देहाय बमोजिमका पदाधिकारी रहेको एक कार्यदल गठन कार्य स्वीकृत गर्न ।

<u>तपसिल</u>

१ संयोजक.: श्री केशर वहादुर थापा कानुन अधिकृत ,

२ सदस्य.: श्री नन्द वहादुर केराअध शाखा प्रमुख .सी.

३ सदस्य.: विषय विज्ञ

४ सदस्य.: श्री सामुदायीक उपभोक्ता महाँसंघ

५ सचिव.स.: श्री निर्मला चौधरीवातावरण तथा विपद व्यवस्थापन शाखा ,वन ,

**प्रस्ताव नं.१३ सुरक्षित आवास गृह सञ्चालन सम्बन्धमा ।**

**निर्णय नं.१३** प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस नगरपालिका वडा नं.९ को सुरक्षित आवास गृहको हाललाई सम्झौता अनुसारको घरभाडा रकम भुक्तानी गर्ने ।

**प्रस्ताव नं.१४ गौशाला व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं.१४** प्रस्ताव नं.१४ माथि छलफल गर्दा टीकापुर न ५ स्थित गौशालालाई समयानुकुल व्यवस्थापन गर्ने.वडा नं.पा. कार्यका लागी गौशाला क्षेत्र घेरवार गर्न विनियोजन भएको रकम रु.१५,००,०००।- रकमवाट उक्त क्षेत्रमा गरिने विकास निर्माण लगायतका कार्यका लागी यस कार्यालयका प्राविधिक कर्मचारी सम्मिलित अध्ययन टोली गठन गर्ने र सो समितले अध्ययन गरी ३ दिन भित्र अध्ययन प्रतिवेदन पेश गर्ने अध्ययन टोलीको सिफारिसका आधारमा गौशाला घेरवार लगायतका कार्य गर्ने ।

प्रमाणित गरिएको।

१५।८।२०८२

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल